**राजस्व न्यायाधिकरण काठमाण्डौ**

**इजलास**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजस्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**फैसला**

**२०७५।०७६ सालको निर्णय नं. ११**

**पुनरावेदन नं. ९७-०७३-०१४३**

जिल्ला काठमाडौं का.म.पा. वडा नं. ३१ स्थित सिभिल बैंक लिमिटेड (स्थायी लेखा नं.३०४४२५८२४) को प्रमुख कार्यकारी अधिकृत किशोर महर्जन............................१ } पुनरावेदक

विरुद्ध

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर...............................................१ } प्रत्यर्थी

**मुद्दाः-आयकर (आ. व.२०६९/०७०)**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः उपस्थित नभएको

प्रत्यर्थी कार्यालयहरुका तर्फबाटः विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजीरः x

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत शोभाकान्त पौडेल

शुरु कार्यालयको निर्णय मितिः–२०७२।११।१९

विपक्षी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७२।११।१९ मा पुनरावेदकको नाममा जारी गरिएको आयकर तर्फको संशोधित कर निर्धारण आदेश उपर प्रशासकीय पुनरावलोकनका लागि आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंमा निवेदन दिएकोमा विभागबाट साठी दिनभित्र निर्णय गरी जानकारी दिनुपर्नेमा नदिइएकोले सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम प्रस्तुत पुनरावेदन पत्र यस

न्यायाधिकरणमा पर्न आएको रहेछ ।सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेकोछः-

## मुद्दाको तथ्य :

१. बैंकिङ्ग कारोवार गर्ने पुनरावेदक करदाता सिभिल बैंक लिमिटेडले आ. व. २०६९/०७० को आय विवरणको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु. १७,६१,६४,३३६।०० देखाई मिति २०७०।०९।०५ मा आय विवरण पेश गरेका रहेछन ।

२. प्रस्तुत करदाताको आ.व. २०६९।०७० को लागी कार्यालयबाट कर परिक्षण हुँदा करदाताबाट आय विवरण साथ प्राप्त कागजातको अध्ययन, छानविन तथा हिसाब कितावको आधारमा विश्लेषण गर्दा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाउने खर्चहरु दावी भएको, व्यवसायको मुनाफा र लाभतर्फ गणना हुनुपर्ने रकम समावेश भएको नदेखिएको तथा भुक्तानीमा अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा अग्रिम कर कट्टी गरेको नपाईएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण प्रयोजनको लागी रु. २०,७६,१७,९३२।४१ कर योग्य आय कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम मिति २०७२।१०।१७ मा करदाताको नाममा जारी गरिएको सूचना करदाताले सोही मिति २०७२।१०।१८ मा बुझीलिई सोको प्रतिकृया सहितको लिखित जवाफ मिति २०७२।१०।२८ मा पेश गरेका रहेछन् ।

३. प्रस्तुत करदाताको आ.व. २०६९।०७० को लागी रु. २०,७६,१७,९३२।४१ करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७२।११।१९ मा खडा भएको निर्णय पर्चा।

४. ठूला करदाता कार्यालय ललितपुरले मिति २०७२।११।१९ मा जारी गरेको आयकर तर्फको आ.व. २०६९।०७० को संशोधित कर निर्धारण आदेशमा चित्त नबुझाई करदाता श्री सिभिल बैंक लिमिटेडले प्रशासकिय पुनरावलोकनका लागी मिति २०७२।१२।२४ मा आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा उक्त निवेदन दिएको साठी दिनभित्र पनि कुनै किसिमको निर्णय नआएकोले पुनरावेदक करदाता यस न्यायाधिकरणमा पुनरावेदनको लागी आएको देखिन्छ ।

५. तथ्य र प्रमाणहरुको यथोचित मूल्याङ्कन नगरी ठूला करदाता कार्यालयले निर्धारण गरेको

कर निर्धारण आदेश उपर प्रशासकिय पुनरावलोकन गर्न विपक्षी समक्ष निवेदन दिएकोमा सो निवेदन दिएको साठी दिनभित्र पनि विपक्षी विभागबाट कुनै किसिमको निर्णय नभएको कारणले गर्दा पुनरावेदकले विपक्षी समक्ष दायर गरेको प्रशासकिय पुनरावलोकनको निवेदन माग बमोजिम हुने गरी आदेश गरी न्यायिक इन्साफ पाउँ भन्ने समेतको जिकिर लिई करदाताको तर्फबाट मिति २०७३।०५।०१ मा यस न्यायाधिकरण समक्ष दिएको पुनरावेदन पत्र।

६. यसमा मुलुकी ऐन, अ.वं. २०२ नं. बमोजिमको छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७५।०३।१४ मा भएको आदेश ।

## ठहर

७. आज सुनुवाईका लागि यस इजलासमा पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक सिभिल बैंक लि. का तर्फबाट कानून व्यवसायीको उपस्थित नरहेको देखियो । प्रत्यर्थी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान सरकारी वकिल श्री नगेन्द्र लम्सालले बहसका क्रममा देहाय बमोजिम जिकिर बहस प्रस्तुत गर्नुभयो-

i. व्याज भुक्तानी गर्नुपर्ने भन्दा बढी व्याज दायित्व लेखांकन गर्न मिल्दैन । कर छुट हुने भनी तोकिएको अवस्थामा बाहेक अन्य अवस्थामा कर छुट पाउने प्रावधान नै नरहेको ।

ii. Own Your Vehicle Scheme मा कर्मचारीले स्वेच्छिक रुपमा सवारी साधन उपयोग गर्न पाउने प्रावधान रहेकाले बैंकको आय आर्जनका काममा प्रयोग भएको भन्न नमिल्ने यस अघि अन्य यस्तै मुद्धामा फैसला भैसकेको हुँदा थप केही भनिरहनु पर्ने देखिएन ।

iii. सवारी साधनहरुको ह्रास खर्च अमान्य गरिएको अवस्थामा उक्त योजना अन्तर्गत कर्मचारीले प्रयोग गरिएको सवारी साधनहरुको लागी कम्पनिले भुक्तानी गरेको मर्मत खर्च कट्टी नपाउने नै हुन्छ ।

iv. तसर्थ, प्रत्यर्थीबाट भएको निर्णय कानून सम्मत भएकाले सदर हुनुपर्छ ।

८. पुनरावेदक कम्पनीका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु र प्रत्यर्थी तर्फका उपस्थित विद्धान शाखा अधिकृबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी निर्णय तर्फ विचार गर्दा यसमा देहायका विवादहरुमा निर्णय दिनुपर्ने देखिन आयोः–

(क) व्याज वापतको भुक्तानी गर्नुपर्ने दायित्व बढी लेखांकन गरेको हो वा होइन ?

ख) Own Your Vehilcle Scheme बमोजिम कर्मचारीलाई उपलब्ध गराएको सवारी साधनको ह्रास खर्च कट्टी र मर्मत तथा संभार खर्च व्यवसायको आयबाट कट्टा गर्न पाउने हो वा होइन ?

९. निरुपण हुनुपर्ने उपर्युक्त प्रश्नहरुका सन्दर्भमा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा पुनरावेदकको पुनरावेदन जिकिरका बुँदाहरुको विषयगत आधारमा निम्नानुसार हुने देखिन आयोः-

**(क) भुक्तानी गर्नुपर्ने ब्याज दायित्व सम्बन्धमाः-**

करदाताले नाफा नोक्सान हिसावमा व्याज खर्च वापत खर्च कट्टी दावी गरेको र सोही बर्ष व्याज खर्च वापत नगद भुक्तानी गरेको वित्तिय विवरण साथ संलग्न नगद प्रवाह विवरणबाट देखिन्छ । करदाताको वासलातसाथ संलग्न गत बर्षबाट जिम्मेवारी सरी आएको निक्षेप, मुद्धती निक्षेप र सापटीको भुक्तानी गर्न बाँकी रकम मात्र रहेकोमा यस आ.व. को अन्त्यमा समेत व्याज भुक्तानी गर्नुपर्ने रहेको देखिन्छ । करदाताले गत बर्ष भुक्तानी गर्न बाँकी व्याज रकम रु. २,१९,०७,८६४।- मा यस आ.व. को व्याज खर्च रु. ८१,५५,३४,०२१।- समावेश गर्दा यस आ.व. मा भुक्तानी गर्नुपर्ने व्याज रकम रु. ८३,७४,४१,८८५।- देखिएकोमा रु. ८१,७२,०२,५३०।-भुक्तानी भएको पुनरावेदकको नगद प्रवाह विवरणमा रहेको देखिन्छ । जम्मा भुक्तानी गर्नुपर्ने रकमबाट भुक्तानी भएको रकम घटाउँदा भुक्तानी दिन बाँकी रकम रु.२,०२,३९,३५५।- हुनुपर्नेमा रु. ४,५६,६०,१३६।-भएको देखिँदा भुक्तानी गर्नुपर्ने भन्दा बढी दायित्व लेखांकन गरेको देखिन आयो । वास्तविक रुपमा भुक्तानी गर्नु नपर्ने उक्त व्याज वापतको दायित्व रकमलाई करदाताले आयकर ऐन, २०५८ को दफा २५ को उपदफा १ अनुसार समायोजन गरी आयमा समावेश गर्नुपर्नेमा सो अनुसार गरेको नदेखिएकोले बास्तविक रुपमा भुक्तानी गर्नु नपर्ने व्याज वापतको दायित्वलाई आयकर ऐन, २०५८ को दफा २५(१) बमोजिम हिसाव समायोजन गरी सोही ऐनको दफा ७(२)(झ) बमोजिम आयमा समावेश गरेको शुरु कार्यालयको निर्णय कानून सम्मत नै देखिन आयो ।

**(ख) Own Your Vehicle Scheme का सम्बन्धमाः-**

बैंकको निर्णयानुसार कर्मचारीलाई सवारी साधन खरिद गरिदिने योजना सञ्चालन गरेको, बैंकको हित वा सेवा शर्त विपरीत कार्य गरेमा सुविधाबाट वञ्चित गर्न मात्र बैंकको स्वामित्व कायम राख्न सवारी साधन बैंकको नाममा राखिएको, उपलब्ध गराईएको सवारी साधन निर्वाध रुपमा उपयोग गर्ने अधिकार (Possessiory Right) सम्बन्धित कर्मचारीमा नै रहने, ब्यबसायिक काममा समेत अन्यले प्रयोग गर्न नपाउने, ईन्धन र मर्मतको खर्च निश्चित सीमा भन्दा माथिको सम्बन्धित कर्मचारीले नै ब्यहोर्ने, कर्मचारीको रोजाईमा रकम थप गरेर सवारी साधन खरिद गर्न सकिने, सवारी साधनको प्रयोग बैंकको आय आर्जन सँग

सम्बन्धित कामका लागि मात्र नहुने, ब्यक्तिगत प्रयोजनमा बढी उपयोग हुने र पछि तोकिएको समयमा कर्मचारीलाई नै हस्तान्तरण भै सम्पतिको निसर्गबाट बैंकलाई कुनै प्रतिफल प्राप्त नहुने भएकाले पूर्ण स्वामित्व बैंकको हो भन्न सकिने अवस्था देखिएन ।

Nepal Accounting Standard (NAS) को Paragraph 6 and 7 मा यस सम्बन्धि परिभाषा र Recognition बारे उल्लेख भएको तथ्य –"Property, plant and equipment are tangible items that :- a) are held for use in the production or supply of goods or services, for rental to others or for administrative purpose." Para-6

"The cost of an item of property, plant and equipment shall be recognized as an assets, if and only if, (a) It is probable that future economic benefits associated with the item will flow to the entity."para–7

लेखामानको उपरोक्त तथ्य अनुसार कुनै निकायको सम्पति हुन त्यस्तो सम्पति उक्त निकायको उत्पादन कार्यमा प्रयोग भएको हुनु पर्ने, वस्तु तथा सेवाको वितरणमा प्रयोग भएको हुनु पर्ने, अन्य ब्यक्तिलाई भाडामा दिन सक्ने वा प्रशासकीय कार्यमा प्रयोग भएको हुनु पर्नेमा विवादित सवारी साधनहरू बैंकले स्वतन्त्र रुपमा उल्लेखित कुनै पनि कार्यमा प्रयोग गर्न सक्ने देखिएन । लामो अवधि सेवा गर्ने कर्मचारीले एउटै बैंक/संस्थाबाट धेरै (२/३) पटक सम्म सवारी साधनको स्वामित्व लिन सक्ने समेत देखिन आयो । ब्लु बुक र दर्ताका आधारमा मात्र सवारी साधन बैंकको स्वामित्वमा रहेको भनी ब्यवसायको वार्षिक आयबाट निम्नानुसारका खर्च कट्टी दावी गरेको सन्दर्भमा हेर्दा निम्नानुसार देखियोः

i. <u>ह्रास खर्च कट्टी दावीः-</u> आयकर ऐन, २०५८ को दफा १९(१) मा कुनै ब्यक्तिले कुनै आय वर्षमा कुनै ब्यबसाय वा लगानीबाट भएको आय गणना गर्ने प्रयोजनका लागि सो ब्यबसाय वा लगानीबाट सो ब्यक्तिको आय आर्जन गर्न सो वर्षमा आफ्नो स्वामित्वमा रही प्रयोग गरेको ह्रास योग्य सम्पतिको ह्रास भए वापत अनुसूची – २ बमोजिम ह्रास खर्च कट्टी गर्नु पर्नेछ भन्ने ब्यबस्था भएकोमा Own your vehicle scheme अन्तर्गत खरिद भएका सवारी साधनको पूर्ण स्वामित्व बैंकको हुने नदेखिएको र प्रयोग समेत बैंकका लागि मात्र भए गरेको नदेखिएको अवस्था हुँदा माथि विवेचित तथ्यबाट सवारी साधनको ह्रास खर्च कट्टी दावी नपाउने गरी भएको निर्णय कानून सम्मत नै देखिन आयो ।

ii. <u>मर्मत तथा संभार खर्चः–</u> माथि विवेचित आधारमा आफ्ना कर्मचारीहरुलाई उपलब्ध गराएको सवारी साधनहरुको मर्मत तथा संभार खर्च समेत नाफा नोक्सान हिसावमा समावेश गरी खर्च कट्टी लिएको पाईएकोले कर्मचारीहरुलाई सवारी साधन सुविधा योजना अन्तर्गत उपलब्ध गराएको सवारी साधनहरुको ह्रास खर्च अमान्य गरिएको

अवस्थामा उक्त योजना अन्तर्गत प्रदान गरिएको सवारी साधनहरुको लागी कम्पनिले सो आ.व. मा भुक्तानी गरेको उल्लेखित मर्मत खर्च कट्टी नपाउने गरी भएको ठूला करदाता कार्यालयको निर्णय मिलेकै देखिन आयो ।

१०. अतः स्थायी लेखा नं. ३०४४२५८२४ भएका पुनरावेदक करदाता सिभिल बैंक लिमिटेडको आ.व. २०६९।०७० को आयकर निर्धारणका सम्बन्धमा ठूला करदाता कार्यालय, ललितपुरको मिति २०७२।११।१९ को निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

११. प्रस्तुत मुद्दाको फैसला भएको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ।

१२. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

उक्त रायमा हामी सहमत छौं ।

जीवन कुमार घिमिरे
(राजस्व सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

टिपोट गर्नेः -श्री सीता अधिकारी (शाखा अधिकृत)

इति सम्वत् २०७५ साल अशोज महिना १० गते रोज ०४ शुभम् ...........................